(दफा ४ तथा अनुसूची–१ को भाग–१ सँग सम्बन्धित)

त्रिवेणी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः१ संख्याः३२ मितिः २०७७/०३/२९

## भाग : –१
## त्रिवेणी गाउँपालिका

त्रिवेणी गाउँसभाको स्वीकृतिबाट जारी

**"त्रिवेणी गाउँपालिकाको स्थानीय भाषा, कला र संस्कृति संरक्षण ऐन , २०७७"**

प्रमाणिकरण गर्नेको नाम :- झक्कु प्रसाद घर्ति मगर
अध्यक्ष
त्रिवेणी गाउँपालिका, रुकुम पश्चिम

# स्थानिय भाषा, कला र संस्कृति संरक्षण ऐन,२०७७

प्रमाणिकरण मितिः२०७७/०३/२८

<u>प्रस्तावनाः</u>

त्रिबेणी गाउँपालिकाका बहुँजातीय, वहुँभाषिक र बहुँसांस्कृतिक पहिचान समुदायका नागरिकहरुको संस्कृतिको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन, विकास, व्यवस्थापन गर्न र भाषा सम्वन्धि विषयमा अध्ययन र अनुसन्धान गर्न गराउन तथा यस क्षेत्रका विद्धान तथा प्रतिभाहरूको सम्मान र कदर गर्ने सम्वन्धमा आवश्यक व्यवस्था गर्नको लागि त्रिवेणी गाउँपालीका रूकुम पश्चिमले स्थानिय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-३ को दफा ११ को उपदफा (२) को खण्ड (फ) बमोजिमको अधिकार प्रयोग गरी गाउँसभाको निर्णयले यो ऐन, बनाई जारी गरिएको छ ।

## परिच्छेद -१
## <u>प्रारम्भिकः</u>

१.<u>संक्षिप्त नाम र प्रारम्भः</u>

(१) यस ऐनको नाम स्थानीय भाषा, कला र संस्कृति संरक्षण ऐन,२०७७ रहेको छ ।

(२) यो ऐन त्रिवेणी गाउँसभाबाट पारित भएको मिति देखि तुरून्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः-</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "भाषा" भन्नाले त्रिवेणी गाउँपालीका रूकुम पश्चिम भर वोलिने विभिन्न मातृ भाषाहरूलाई सम्झनु पर्छ

(ख) “संस्कृति" भन्नाले त्रिबेणी गाउँपालिका रुकुम पश्चिम भर मनाई विभिन्न संस्कृतिहरु तथा सनातन देखि मानी आएको धर्म संस्कृतिहरुलाई संझनु पर्छ ।

(ग) “कला" भन्नाले त्रिबेणी गाउपालिका भित्र रहेका पुरातन र आधुनिक कलालाई सम्झनु पर्छ ।

(घ) “भाषा, कला र संस्कृति संरक्षण केन्द्र" भन्नले दफा ३ वमोजिम स्थापना भएको भाषा , कला र संस्कृति संरक्षण केन्द्र सम्झनु पर्छ ।

(ङ) “सभा" भन्नाले दफा ७ वमोजिमको भाषा, कला र संस्कृति संरक्षण, विकास तथा व्यवस्थापन सम्वन्धि सभा सम्झनु पर्छ ।

(च) “परिषद" भन्नाले दफा ११ वमोजिमको भाषा, कला र संस्कृति संरक्षण, विकास तथा ब्यवस्थापन परिषद सम्झनु पर्छ ।

(छ) “अध्यक्ष" भन्नाले भाषा, कला र संस्कृति संरक्षण विकास तथा व्यवस्थापन केन्द्रको अध्यक्ष सम्झनु पर्छ ।

(ज) “उपाध्यक्ष" भन्नाले भाषा, कला र संस्कृति संरक्षण विकास तथा व्यवस्थापन केन्द्रको उपाध्यक्ष सम्झनु पर्छ ।

(झ) “सचिव" भन्नाले भाषा, कला र संस्कृति संरक्षण विकास तथा व्यवस्थापन केन्द्रको सचिवलाइ सम्झनु पर्छ ।

(ञ) “पदाधिकारी" भन्नाले अध्यक्ष, उपाध्यक्ष, सचिव र परिषदका मनोनित सदस्य समेतलाई सम्झनु पर्छ ।

(ट) “तोकिएको वा तोकिए वमोजिम" भन्नाले यस ऐन अन्तर्गत वनेको नियममा तोकिएको वा तोकिएवमोजिम सम्झनु पर्छ ।

## परिच्छेद — २

### भाषा, कला र संस्कृति संरक्षण संरक्षण, विकास तथा व्यवस्थापन केन्द्रको स्थापना तथा काम, कर्तव्य र अधिकार

**३. भाषा, कला र संस्कृति संरक्षण केन्द्रको स्थापनाः**

(१) गाउँपालिका भित्र बोलिने भाषा, मनाउने संस्कृति र कलाको संरक्षण सम्वर्द्धन, प्रवर्द्धन तथा सर्वाङ्गीन विकास गर्ने काम सहितको लागि भाषा, कला र संस्कृति संरक्षण केन्द नामको एक संरक्षण केन्द्र स्थापना गरिएको छ ।

(२) संरक्षण केन्द्रको कार्यालय त्रिवेणी गाउँपालीका रूकुम पश्चिममा रहनेछ र संरक्षण केन्द्रले आवश्यकता अनुसार त्रिवेणी गाउँपालीका रूकुम पश्चिमको विभिन्न स्थानहरूमा शाखा खोल्न सक्नेछ ।

**४. भाषा, कला र संस्कृति संरक्षण केन्द स्वशासित संस्था हुनेः**

(१) भाषा, कला र संस्कृति संरक्षण केन्द्र अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ ।

(२) भाषा, कला र संस्कृति संरक्षण केन्द्रको सवै काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) भाषा, कला र संस्कृति संरक्षण केन्द्रले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त उपयोग गर्न, बेचविखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) भाषा, कला र संस्कृति संरक्षण केन्द्रले व्यक्ति सरह आफ्नो नामवाट नालिस उजूर गर्न भाषा संरक्षण केन्द्र उपर पनि सोही नामवाट नालिस उजूर लाग्न सक्नेछ ।

(५) भाषा, कला र संस्कृति संरक्षण केन्द्रले व्यक्ति सरह करार गर्न र करार बमोजिम अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

**५. भाषा संरक्षण केन्द्रको काम, कर्तव्य र अधिकारः**

यस ऐनमा अन्यत्र उल्लेखित नाम, कर्तव्य र अधिकारको अतिरिक्त भाषा, कला र संस्कृति संरक्षण केन्द्रको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) भाषा, कला र संस्कृति संरक्षण केन्द्रको नीति तथा कार्यक्रम तर्जुमा गर्ने,

(ख) भाषा, संस्कृति तथा कलाहरूको संकलन, पहिचान, संरक्षण, सम्वर्द्धन र अध्ययन, अनुसन्धान,

(ग) भाषा, कला र संस्कृतिका क्षेत्रमा अनुसन्धानात्मक तथा मौलिक कृति सृजना गर्ने तथा त्यस कृति प्रकाशन गर्ने,।

(घ) भाषा, कला र संस्कृति संरक्षण, विकास र व्यवस्थापन क्षेत्रमा उल्लेखनीय योगदान पुरयाउने व्यक्तिलाई कदर, सम्मान र पुरस्कारको व्यवस्था गर्ने,

(ङ) भाषा, कला र संस्कृतिको संरक्षण र विकास सम्वन्धि पुस्तकालय, ग्यालरी तथा संग्रहालय आदि स्थापना गर्ने,

(च) भाषा, कला र संस्कृति संरक्षणको क्षेत्रमा अध्ययन तथा अनुसन्धानको लागि विद्धतवृत्तिको व्यवस्था गर्ने,

(छ) भाषा, कला र संस्कृतिको संरक्षण सम्वन्धि विषयमा प्रशिक्षण कार्यक्रम संचालन गर्ने,

(ज) गाउँपालिका भित्रका विभिन्न जात, जाति, तथा समुदायका पहिचान झल्काउने भाषाको अध्ययन, अनुसन्धान, सम्वर्द्धन र संरक्षण गर्ने,

(झ) गाउँपालिकामा बोलिने भाषालाई विश्व समक्ष र विदेशी भाषालाई गाउँपालिका समक्ष परिचित गराउने,

(ञ) भाषा, कला र संस्कृतिको संरक्षण, विकास, व्यवस्थापन  र विस्तार गर्न सम्वन्धित संध-संस्था तथा व्यक्तिलाई प्रोत्साहन गर्ने,

(ट) भाषा, कला र संस्कृतिको संरक्षण र विकास सम्वन्धि स्थानीय, राष्ट्रीय र अन्तरराष्ट्रीय स्तरका गोष्टी, कार्यशाला, सम्मेलन, प्रदर्शनी, महोत्सव तथा प्रतियोगितामा भाग लिने,

(ठ) भाषा, कला र संस्कृतिको संरक्षण र विकास संग सम्वन्धित संघ- संस्थासँग सम्वन्ध स्थापना तथा विस्तार गर्ने र त्यस्ता संघ-संस्थासँग पारस्परिक सहयोग आदानप्रदान गर्ने,

(ड) लोकपक्षीय भाषा, संस्कृति तथा कलाको उत्थान, विकास र विस्तार गर्ने,

(ढ) यस ऐनको उद्देश्य पूरा गर्न अन्य आवश्यक काम गर्ने, गराउने ।

(ण) सामाजिक रुपमा भएका विकृति विसंगतिका विरुद्ध प्रचार प्रसार र सडक नाटक आदी कार्य गर्ने र सुसंकृत समाज निमार्ण कार्यमा आवश्यक पहल गर्ने ।

## परिच्छेद -३

६. **<u>भाषा संरक्षण केन्द्रको सङ्गठनः</u>**

भाषा, कला र संस्कृति संरक्षण केन्द्रको संगठन देहाय बमोजिम हुनेछ र यिनीहरूको सामुहिक रूप नै भाषा, संस्कृति तथा ललितकला संरक्षण केन्द्रको स्वरूप हुनेछः-

(क) सभा,

(ख) परिषद

७. **<u>सभाः</u>**

(१) भाषा, कला र संस्कृति संरक्षण केन्द्रको सर्वोच्च निकायको रूपमा एक प्राज्ञ सभा रहने छ ।

(२) सभाको गठन देहाय बमोजिम हुनेछः

| | |
|---|---|
| **(क)** गाउँपालिकाको उपाध्यक्ष | - अध्यक्ष |
| **(ख)** गाउँपालीकाको जेष्ठ वडाध्यक्ष | - उपाध्यक्ष |
| **(ग)** गाउँपालीकाको भाषा, कला र संस्कृति संरक्षण र विकास सम्वन्धमा हेर्ने फाँटको प्रमुख | - सदस्य |
| **(घ)** भाषा, कला र संस्कृति संरक्षणको क्षेत्रसँग सम्वन्धित विशिष्ट व्यक्तिहरू मध्येवाट समावेशीतालाई ध्यानमा राखी महिलाहरू समेतको उपयुक्त प्रतिनिधित्व हुनेगरी गाउँपालीकाको अध्यक्षले मनोनित गरेको पाँच जना | - सदस्य |
| **(ङ)** गाउँपालीकाको प्रमुख प्रशासकीय अधिकृत | - सदस्य सचिव |

(३) उपदफा (२) बमोजिमको मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(४) कुनै कारणले सभाका मनोनित सदस्यको पदरिक्त हुन गएमा वाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रवाट मनोनयन भएको हो सोही विधा क्षेत्रवाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

(५) सभाका सदस्यहरूको सुविधा तोकिए बमोजिम हुनेछ ।

८. **<u>सिफारिस समितिः</u>**

(१) पदाधिकारी तथा सभामा मनोनयन हुने सदस्यको नियुक्ति वा मनोनयनको लागि अध्यक्ष समक्ष नाम सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः-

| | |
|---|---|
| (क) भाषा, संस्कृति तथा ललितकलाको संरक्षण र विकास सम्वन्धि हेर्ने फाँटको प्रमुख | - अध्यक्ष |
| (ख) भाषा, कला र संस्कृति संरक्षणको क्षेत्रमा ख्याति प्राप्त व्यक्तिहरूमध्येवाट अध्यक्षले तोकेका दुईजना | - सदस्य |

(२) उपदफा (१) बमोजिमको समितिले सभाको सदस्यमा मनोनयनको लागि नाम  सिफारीस गर्दा भाषा, संस्कृति तथा ललितकलाको क्षेत्रमा अध्ययन तथा अनुसन्धान गरेको वा विधामा ख्याति प्राप्त व्यक्तिहरू मध्येवाट सम्भव भएसम्म भाषा, संस्कृति तथा ललितकलाको विभिन्न विधा र क्षेत्रको प्रतिनिधित्व हुने र सवै जाति, लिङ्ग, भाषाभाषी समेत वाट समेट्ने गरी नाम सिफारीस गर्नु पर्नेछ ।

(३) उपदफा (१) वमोजिमको समितिले पदाधिकारीको नियुक्तीको लागि नाम सिफारीस गर्दा सभाका मनोनित सदस्यहरूमध्येवाट गर्नेछ ।

(४) उपदफा (१) बमोजिमको समितिलले सिफारीस गर्ने सम्वन्धमा अवलम्वन कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **सभाको काम कर्तव्य र अधिकारः**

सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) भाषा, कला र संस्कृति संरक्षण केन्द्रको नीति निर्धारण गर्ने,

(ख) भाषा, कला र संस्कृति संरक्षण केन्द्रको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ग) भाषा, कला र संस्कृति संरक्षण केन्द्रको वार्षिक वजेट पारित गर्ने,

(घ) विद्वतवृत्ति, सम्मान तथा पुरस्कार

(ङ) परिषद्‌लाई आवश्यक पर्ने निर्देशन दिने र मार्ग दर्शन गर्ने,

(च) परिषदको कामको अनुगमण तथा मूल्यांकन गर्ने,

(छ) भाषा, कला र संस्कृति संरक्षण केन्द्रको नियम स्वीकृत गर्ने।

(ज) तोकिए वमोजिमका काम गर्ने ।

१०. **सभाको वैठकः**

(१) सभाको वैठक वर्षको कम्तिमा २ पटक वस्ने ।

(२) सभाको वैठक सभाको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने ।

(३) सभाको वैठक हुनुभन्दा कम्तिमा पन्ध्र दिन अगावै वैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सभाको सदस्य सचिवले सवै सदस्यहरू दिनुपर्नेछ ।

(४) सभामा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा वढी सदस्यहरू उपस्थित भएमा सभाको वैठकको लागि गणपूरक संख्या मानिनेछ ।

(५) सभाको वैठकमा अध्यक्षता सभाको अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(६) सभाको वैठकमा वहुमतको राय मान्य हुनेछ र मत वरावर भएमा वैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) सभाको वैठकको निर्णय सभाको सदस्य - सचिवले प्रमाणित गरी राख्ने ।

(८) सभाले भाषा संरक्षण केन्द्रको मानार्थ प्राज्ञ तथा आजिवन सदस्यलाई सभाको वैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(९) सभाको वैठक सम्वन्धि अन्य कार्यविधि सभा आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

११. <u>परिषद्को गठनः</u>

(१) भाषा, कला र संस्कृति संरक्षण केन्द्रको कार्यकारी निकायको रूपमा काम गर्न एक प्राज्ञ परिषद रहनेछः-

(२) परिषद्को गठन देहाय बमोजिम हुनेछ ।

**(क)** गाउँपालीकाको उपाध्यक्ष - अध्यक्ष

**(ख)** गाउँपालीकाको जेष्ठ वडाध्यक्ष - उपाध्यक्ष

**(ग)** सभाका मनोनित सदस्यहरूमध्यवाट कम्तिमा दुईजना महिला सहित सम्भव भएसम्म विभिन्न जात, जाति, भाषाभाषिको प्रतिनिधित्व हुनेगरी गाउँपालीका अध्यक्षवाट मनोनित ५ जना - सदस्य

**(घ)** गाउँपालीका का प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

(३) कुनै कारणले उपदफा (२) को खण्ड (ग) वमोजिमका सदस्यको पद रिक्त हुन गएमा वाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्र वाट मनोनयन भएको हो सोही विधा वा क्षेत्रवाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

१२. <u>परिषद्को काम, कर्तव्य र अधिकारः</u>

परिषद्को काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) सभाले गरेको निर्णय कार्यान्वयन गर्ने,

(ख) सभाले दिएको निर्देशन पालना गर्ने,

(ग) लेखापरिक्षणको प्रतिवेदन सभासमक्ष पेश गर्ने,

(घ) सचिवले पेश गरेको वार्षिक कार्यक्रम, वजेट, प्रगति प्रतिवेदन तथा अन्य प्रतिव्रदन सम्वन्धमा छलफल तथा आवश्यकता अनुसार संशोधनगरी अनुमोदनका लागि सभा समक्ष पेश गर्ने,

(ङ) भाषा, कला र संस्कृति संरक्षण केन्द्रको चल अचल सम्पतिको व्यवस्थापन, सञ्चालन, संरक्षण र रेखदेख गर्ने, गराउने ।

(च) भाषा, कला र संस्कृति संरक्षण केन्द्र्रको कोषको व्यवस्था र सञ्चालन गर्ने,

(छ) भाषा, कला र संस्कृति संरक्षण केन्द्रको लागि प्राप्त आर्थिक तथा अन्य सहयोग ग्रहण,

(ज) विद्वतवृत्ति, सम्मान, कदर तथा पुरस्कार अनुमोदनको लागि सभामा पेश गर्ने,

(झ) परिषद्को काम कारबाहीको सम्वन्धमा आवश्यकता अनुसार समिति उपसमिति वा कार्यटोली गठन गर्ने र त्यस्तो समिति, उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार तोक्ने,

(ञ) तोकिए वमोजिमका अन्य काम गर्ने ।

**१३. <u>परिषद्को वैठकः</u>**

(१) परिषदको वैठक २ महिनामा कम्तीमा एकपटक वस्नेछ ।

(२) परिषद्को वैठक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा वस्नेछ।

(३) परिषद्को वैठक हुनुभन्दा कम्तिमा चौविस घण्टा अगावै वैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषदको सदस्य सचिवले सवै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) परिषदमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा वढी सदस्यहरू उपस्थित भएमा परिषदको वैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) परिषद्को वैठकको अध्यक्षता परिषद्को अध्यक्षले र निजको अनुपस्थित मा उपाध्यक्षले गर्नेछ ,

(६) परिषद्को वैठकमा बहुमतको राय मान्य हुनेछ र मत वरावर भए वंठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) परिषदको वैठकको निर्णय परिषद्को सदस्य- सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) परिषद्को वैठक सम्वन्धित अन्य कार्यविधि परिपद आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

## परिच्छेद - ४

## <u>प्रमुख संरक्षक, संरक्षक र भाषा, संस्कृति तथा ललितकला संरक्षण केन्द्रका पदाधिकारी तथा कर्मचारी</u>

**१४. <u>प्रमुख संरक्षकः</u>**

गाउँपालिकाको अध्यक्ष, भाषा, कला र संस्कृति संरक्षण केन्द्रको प्रमुख संरक्षण हुनेछ ।

**१५. <u>संरक्षकः</u>**

गाउँपालिकाको भाषा, कला र संस्कृति संरक्षण तथा विकास हेर्ने फाँटको प्रमुख भाषा संरक्षण केन्द्रको संरक्षक हुनेछ ।

**१६. <u>अध्यक्षः-</u>**

(१) भाषा, कला र संस्कृति संरक्षण केन्द्रमा एक अध्यक्ष रहनेछ

(२) अध्यक्ष भाषा, कला र संस्कृति संरक्षण केन्द्रको प्रमुख पदाधिकारी हुनेछ

**१७. <u>अध्यक्षको काम, कर्तव्य र अधिकारः</u>**

यस ऐनमा अन्येत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

(क) सभाले दिएको निर्देशन र परिषद्ले गरेको निर्णयको कार्यान्वयन गर्ने गराउने ,

(ख) भाषा, कला र संस्कृति संरक्षण केन्द्र को वार्षिक कार्यक्रम वजेट प्रतिवेदन तथा अन्य प्रतिवेदन तयार गर्न लगउने,

(ग) भाषा, कला र संस्कृति संरक्षण केन्द्रको काम, कारवाही तथा कर्मचारी प्रशासनको सामान्य नियन्त्रण गर्ने,

(घ) परिषद्को स्वीकृति लिई भाषा संरक्षण केन्द्रको तर्फवाट करार गर्ने,

(ङ) स्वदेशी तथा विदेशी संघ संस्थासंग भाषा संरक्षण केन्द्रको कामको निम्ति सम्वन्धित विषयमा आवश्यक सम्पर्क गर्ने,

(च) तोकिए वमोजिमका अन्ये काम गर्ने ।

१८. <u>उपाध्यक्षः</u>

भाषा, कला र संस्कृति संरक्षण केन्द्रमा एक उपाध्यक्ष रहनेछ ।

१९. <u>उपाध्यक्षको काम, कर्तव्य र अधिकारः</u> उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) सभाले दिएको निर्देशन र परिषद्ले गरेको निर्णयको कार्यान्वयनमा अध्यक्षलाई सहयोग गर्ने,

(ख) अध्यक्षको अनुपस्थितिमा निजले गर्ने सवै काम गर्ने,

(ग) अध्यक्षको निर्देशनमा अन्ये काम गर्ने,

२०. <u>सचिवः</u>

(क) भाषा, कला र संस्कृति संरक्षण केन्द्रमा एक सचिव रहनेछ

(ख) सचिवको काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

२१. <u>पदाधिकारी सम्वन्धि व्यवस्थाः</u>

(१) अध्यक्षले यस ऐनको अधिनमा रही पदाधिकारीको नियुक्ति गर्नेछ ।

(२) पदाधिकारीको पदावधि तिन वर्षको हुनेछ ।

(३) पदाधिकारीको पारिश्रमिक, सेवाको शर्त र सुविधमा तोकिए वमोजिम हुनेछ ।

२२. <u>पद रिक्त हुने अवस्थाः</u>

देहायका अवस्थामा पदाधिकारी र सभाका सदस्यको पद रिक्त भएको मानिनेछः

(क) निजको पदावधि समाप्त भएमा,

(ख) निजले राजिनामा दिएमा,

(ग) निजको मांसिक सन्तुतन ठीक नभएमा,

(घ) निजको नैतिक पतन देखिने फौजदारी अभियोग अदालतवाट सजाय पाएमा,

(ङ) निज दफा २३ वमोजिम पदवाट हटेमा, वा

(च) निजको मृत्यु भएमा ।

२३. <u>पदवाट हटाउन सक्नेः</u>

(१) पदाधिकारी वा सभाका सदस्यले यस ऐनको उद्देश्य वमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारपूर्वक कार्य नगरेको वा निजमा कार्क्षमताको अभाव भएको कारण देखाई सभाका तत्काल कायम रहेको कम्तीमा एक चौथाई सदस्यले अध्यक्ष समक्ष लिखित निवेदन दिएमा अध्यक्षवाट सभाका सदस्यहरू मध्येवाट एक छानविन समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको छानविन समितिले सो सम्वन्धमा छानविन गरी आफ्नो प्रतिवेदन अध्यक्ष समक्ष पेश गर्नेछ र अध्यक्षले त्यस्तो प्रतिवेदन छलफलका लागि सभा समक्ष राख्ने व्यवस्था गर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदनका सम्वन्धमा सभामा छलफल हुदा सभाको बहुमत सदस्यले पदाधिकारी वा सभाका सदस्यले यस ऐनको उद्देश्य वमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमानदारीपूर्वक काम नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको भनी निर्णय गरेमा अध्यक्षले त्यस्तो पदाधिकारी वा सभाका सदस्यलाई निजको पदवाट हटाउनेछ ।

(४) उपदफा (३) बमोजिम पदाधिकारी वा सभाका सदस्यलाई पदवाट हटाउनु अघि सफाईको मौका दिनुपर्नेछ ।

२४. <u>कर्मचारीः</u>

(१) भाषा, कला र संस्कृति संरक्षण केन्द्रमा आवश्यक संख्यामा कर्मचारीहरू रहनेछन् ।

(२) उपदफा (१) वमोजिम का कर्मचारीको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका सर्तहरू तोकिए बमोजिम हुनेछन्।

## परिच्छेद — ५

## <u>कोष तथा लेखापरीक्षणः</u>

२५. <u>भाषा संरक्षण कोषः</u>

(१) भाषा, कला र संस्कृति संरक्षण केन्द्रको आफ्नो एउटा छुट्टै कोष रहनेछ,

(२) उपदफा (१) वमोजिमको कोषमा देहायका रकमहरू रहने छनः-

(क) नेपाल सरकारवाट प्राप्त रकम,

(ख) विदेशी सरकार, संघ-संस्था वा व्यक्तिवाट प्राप्त रकम,

(ग) स्वदेशी संघ संस्था वा व्यक्तिवाट प्राप्त रकम,

(घ) भाषा, संस्कृति तथा ललितकला संरक्षण केन्द्र ले कुनै सेवा उपलब्ध गराए वापत प्राप्त रकम र

(ङ) अन्य कुनै स्रोतवाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ख) वमोजिमको रकम प्राप्त गर्नुअघि भाषा संरक्षण केन्द्रले स्थानिय सरकारको स्विकृति लिनुपर्नेछ ।

(४) कोषको रकम भाषा संरक्षण केन्द्रले तोकेको वैङ्कमा खाताखोली जम्मा गरिनेछ ।

(५) भाषा, संस्कृति तथा ललितकला संरक्षण केन्द्रको सवै खर्च उपदफा (१) बमोजिमको कोषवाट व्यहोरिनेछ ।

२६. <u>लेखा र लेखापरीक्षणः</u>

(१) भाषा, कला र संस्कृति संरक्षण केन्द्रको आय-व्ययको लेखा स्थानीय सरकारले अपनाए वमोजिम राखिनेछ ।

(२) भाषा, कला र संस्कृति संरक्षण केन्द्रको लेखाको लेखापरिक्षण लेखा परीक्षकवाट हुनेछ ।

## परिच्छेद -६

## <u>विविधः</u>

२७. <u>मानार्थ प्राज्ञ तथा आजीवन सदस्यताः</u>

(१) भाषा, कला र संस्कृति संरक्षण केन्द्रको विकासमा विशिष्ट योगदान पुरयाई राष्ट्रीय तथा अन्तराष्ट्रीय क्षेत्रमा नेपालको गौरव वढाउने स्वदेशी वा विदेशी व्यक्तिलाई सभाले परिषद्को सिफारीसमा भाषा संरक्षण केन्द्र को मानार्थ प्राज्ञ सदस्यता प्रदान गर्न सकिनेछ ।

(२) भाषा, कला र संस्कृति संरक्षण र विकासको क्षेत्रमा विशिष्ट योगदान पुरयाउने नेपाली नागरीकलाई सभाले भाषा, संस्कृति तथा ललितकला संरक्षण केन्द्रको आजिवन सदस्यता प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) वमोजिम मानार्थ प्राज्ञ सदस्यता तथा आजिवन सदस्यता प्रदान गर्ने आधार तोकिए वमोजिम हुनेछ ।

(४) भाषा, कला र संस्कृति संरक्षण केन्द्रले आजिवन सदस्यलाई तोकिए बमोजिमको सुविधा दिन सक्नेछ । तर नेपाल सरकारवाट कुनै पारिश्रमिक वा सुविधा पाइरहेको आजीवन सदस्यले त्यस्तो सुविधा पाउने छैन ।

(५) सभाले मानार्थ प्राज्ञ सदस्य र आजिवन सदस्यलाई तोकिएको आधारमा सदस्यतावाट हटाउन उक्नेछ ।

२८. **<u>कदर, सम्मान तथा पुरस्कार प्रदान गर्न सक्नेः</u>**

भाषा, कला र संस्कृति संरक्षणको क्षेत्रमा उल्लेखनिय योगदान पुरयाउने व्यक्तिलाई सभाले कदर, सम्मान तथा पुरस्कार प्रदान गर्नेछ ।

२९. **<u>प्रतिवेदन पेश गर्नुपर्नेः</u>**

भाषा, कला र संस्कृति संरक्षण केन्द्रले प्रत्येक वर्ष आफूले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन स्थानीय सरकार समक्ष पेश गर्नुपर्नेछ ।

३०. **<u>शपथः</u>**

आफ्नो कार्यभार सम्हाल्नु अघि उपाध्यक्ष (अध्यक्ष) ले गाउँपालिका अध्यक्ष समक्ष र उपाध्यक्ष, सचिव र संदस्यले उपाध्यक्ष (अध्यक्ष) समक्ष अनुसूची वमोजिमको ढाँचामा शपथ लिनुपर्नेछ ।

३१. **<u>अधिकार प्रत्यायोजनः</u>**

(१) सभाले यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियम वमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकतानुसार केही अधिकार परिषद्लाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) परिषदले यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियम वमोजिम आफूलाई प्रप्त अधिकारमध्ये आवश्क्तानुसार केही अधिकार अध्यक्ष, उपाध्यक्ष वा सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) अध्यक्षले यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियम वमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्कतानुसार केही अधिकार उपाध्यक्ष वा सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(४) उपाध्यक्षले यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियम वमोजिम आफूलाई प्राप्त आधिकारमध्ये आवश्कताअनुसार केही अधिकार सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३२. **<u>प्रतीक चिन्हः</u>**

भाषा, कला र संस्कृति संरक्षण केन्द्रको प्रतीक चिन्ह तोकीए वमोजिम हुनेछ ।

३३. **<u>सम्पर्क फाँटः</u>**

भाषा, कला र संस्कृति संरक्षण केन्द्रले स्थानिय सरकारसँग सम्पर्क राख्दा भाषा संरक्षण तथा विकास सम्वन्धि हेर्ने फाँट मार्फत राख्नुपर्ने ।

३४. **<u>नियम वनाउने अधिकारः</u>**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न भाषा संरक्षण केन्द्रले आवश्यक नियम वनाउन सक्नेछ ।तर स्थानीय सरकारलई आर्थिक व्यभार पर्ने विषयमा नियम वनाउँदा स्थानिय सरकारको पूर्व स्वीकृती लिनुपर्नेछ ।

**अनुसुची १**

**सपथ**

म ........................................ यस भाषा, कला र संस्कृति संरक्षण केन्द्रको .................................................पदमा रहि सत्य, निष्ठापूर्वक यो शपथ लिन्छु कि मैले जानेबुझेसम्म कसैको मोलाहिजा दवाव र करकापमा नपरि सदैव निश्वार्थपूर्वक सक्रिय रहि यस भाषा, कला र संस्कृति संरक्षण केन्द्रको उद्देश्य पूर्ति र निरन्तर सुदृढिकरणका लागी मेरो सामर्थले भ्याए सम्म हरतरहले सेवारहत रहनेछु ।

सपथ लिनेको
दस्तखत

सपथ दिलाउनेको
दस्तखत

प्रमाणित गर्नेको नामः- झक्कु प्रसाद घर्ती
अध्यक्ष
त्रिबेणी गाउँपालिका, रुकुम पश्चिम
दस्तखतः-